१०६

# राष्ट्रिय सूचना आयोगको
## आदेश
मु.नं. ३०९/२०७१/०७२

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेत ....................................................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, आन्तरिक राजश्व विभाग, लाजिम्पाट, काठमाडौं ....................................१ विपक्षी
सूचना अधिकारी, आन्तरिक राजश्व विभाग, लाजिम्पाट, काठमाडौं ....................................१

विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेतले आन्तरिक राजश्व विभाग, लाजिम्पाट, काठमाडौं समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।१०।२२ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अतः निवेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी आन्तरिक राजश्व विभाग, लाजिम्पाट, काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

तपसिल

१. त्यस विभागमा गत आर्थिक वर्ष २०७०।७१ को लागि स्टेशनरी सामग्रीहरु खरिद शिर्षकमा कति बजेट विनियोजन भएको थियो ? र वास्तविक खर्च कति भयो ? उक्त आर्थिक वर्षमा स्टेशनरी खरिद गरेको वस्तुगत र परिणामगत विवरणसहितको जानकारी एवं सो स्टेशनरी सामग्रीहरु खरिद गरी स्वीकृत बील भर्पाइहरुको प्रमाणित प्रतिलिपी ।

२. त्यस विभागले गत आर्थिक वर्ष २०७०।७१ मा कुन कुन सेवा प्रदायकहरु सूचीकृत भएको थिए ? तिनीहरुको विवरणको प्रमाणित प्रतिलिपी र ती सेवा प्रदायकहरुबाट सेवा खरिद सम्बन्धी सम्झौता

गरी स्टेशनरी सामग्रीहरु के कति परिणाममा खरिद गरेको थियो ? वार्षिक रुपमा सेवा खरिदको लागि सेवा प्रदायक कम्पनीहरुसंग भएको द्विपक्षिय सम्झौता पत्रहरुको प्रमाणित प्रतिलिपि ।

३. त्यस विभागले चालु आर्थिक वर्ष २०७१।७२ का लागि कुन कुन स्टेशनरी सामग्रीहरु के कति परिमाणमा खरिद गर्ने कार्यक्रम बनाएको छ ? सो सम्बन्धी विवरण तथा सो प्रयोजनका लागि अगाडि बढाइएको खरिद प्रक्रिया सम्बन्धी जानकारीको प्रमाणित प्रतिलिपी ।

४. चालु आर्थिक वर्षका लागि सेवा खरिद प्रयोजनार्थ सूचीकृत गरिएका सेवा प्रदायक कम्पनीहरुको सूची ।

५. त्यस विभागले चालु आर्थिक वर्ष २०७१।७२ को प्रथम दुई महिनाका लागि के कति स्टेशनरी सामग्री के कति मुल्यमा कुन कुन सेवा प्रदायक कम्पनीसँग खरिद गरेको छ ? सो को विवरण र वास्तविक खर्चको बिल भर्पाईको प्रमाणित प्रतिलिपी ।

| | | |
|---|---|---|
| यशोदा देवी तिम्सिना<br>(सूचना आयुक्त) | किरण कुमार पोखरेल<br>(सूचना आयुक्त) | कृष्णहरि बाँस्कोटा<br>(प्रमुख सूचना आयुक्त) |

इति सम्वत् २०७१ साल फागुन १० गते रोज १ शुभम् ।